कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था

अध्ययन प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +५७७-१-४२११५७०

फ्याक्सः +५७७-१-४२११७००

Email: npcs@npc.gov.np

नेपाल सरकार, **राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौंका लागि **कृषि तथा गरिबी निवारण शाखा**द्वारा तयार गरिएको कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०७७ ।

कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था

अध्ययन प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +५७७-१-४२११५७०

फ्याक्सः +५७७-१-४२११७००

Email: npcs@npc.gov.np

नेपाल सरकार, **राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौंका लागि **कृषि तथा गरिबी निवारण शाखा**द्वारा तयार गरिएको कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०७७ ।

कृषिजन्य वस्तुको आयात, निर्यातको अवस्था अध्ययन

विषय सूची

भाग १

१. परिचय

१.१ पृष्ठभूमि.....१

१.२ समस्याको पहिचान.....५

१.३ अध्ययनको आवश्यकता.....८

१.४ अध्ययनको उद्देश्य.....८

१.५ अध्ययन विधि.....९

१.६ अध्ययनको स्वरूप.....१०

१.७ अध्ययनको सीमा.....१०

भाग २

२. नेपालको वैदेशिक व्यापार

२.१ नेपालको वैदेशिक व्यापारको अवस्था १२

२.२ नेपालको वैदेशिक व्यापारमा कृषि वस्तहरूको हिस्सा १५

२.३ कृषि वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको लागि गरिएको नीतिगत व्यवस्था १६

२.४ कृषि वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको लागि गरिएको संस्थागत व्यवस्था.....१९

३. कृषिजन्य वस्तुको आयात निर्यातको विश्लेषण.....२२

३.१ कृषिवस्तुको आयातको अवस्था (विगत पाँच वर्षको).....२२

३.२ कृषिवस्तुको निर्यातको अवस्था (विगत पाँच वर्षको).....२३

भाग चार

४. निष्कर्ष तथा सिफारिस.....३५

४.१ निष्कर्ष.....३५

४.२ सिफारिस.....३६

अनुसूची ४०

भाग एक

परिचय

१.१ पृष्ठभूमि

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले मानवीय क्षति हुनुको साथै विश्व अर्थतन्त्रमा गम्भीर असर परेको छ । यो संक्रमणको रोकथाम र नियन्त्रण गर्न चालिएका कदमबाट उत्पादनदेखि आपूर्ति र उपभोगसम्मको शृङ्खला खल्बलिएको छ । कोरोना महामारीको कारण आर्थिक क्रियाकलापहरूमा सुस्तता आई विश्व अर्थतन्त्र सन् २०२० मा ३.० प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्राकोष (IMF 2020) ले प्रक्षेपण गरेको छ ।

खाद्य तथा पोषण सुरक्षाको महत्त्वलाई हृदयङ्गम गरी नेपालको संविधानले खाद्य संप्रभूताको प्रत्याभूति हुने व्यवस्था गरेको सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिएको छ ।कृषि क्षेत्रको विकासले मात्र उच्च, सन्तुलित र समावेशी आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुर्याउने भएकोले यसलाई वैज्ञानिक ढङ्गले सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ। जसले गर्दा कृषिजन्य वस्तुको उल्पादनमा वृद्धि भई बजारीकरण र व्यापारिकरणमा समेत व्यापक क्षेत्र ओगट्ने देखिन्छ ।

नेपालले सन् १९९० को उत्तरार्धतिर बजार निर्धारित विनिमय दरको प्रणाली अवलम्बन गरेको भए तापनि भारतीय मुद्राको विनिमय दर भने सदैव स्थिर रहेको छ । नेपाल र भारत बीच मुद्रास्फीति दरमा अन्तर हेर्ने हो भने (जस्तैः २०००/०१ देखि २०१४/१५ सम्मको अवधिमा नेपालमा थोक मूल्य १९२.५% ले बढेको थियो जुन भारतको १२०.१% वृद्धिको तुलनामा धेरै थियो) नेपाली मुद्राको भारतीय मुद्राको भारतीय मुद्रासँग अधिमूल्यन (Overvaluation) भएको छ । यसरी भारतसँगको नियन्त्रित विनिमयको फलस्वरूप नेपाली

उत्पादनहरूको भारतसँगको निर्यात तथा आन्तरिक बजारभित्रकै प्रतिस्पर्धी क्षमतामा ह्रास आएको छ ।

तथ्याङ्कमा रहेको अन्तर र विसङ्गति नेपाली कृषि व्यापारमा व्याप्त अर्को समस्या हो । कृषि व्यापारको स्थापना, उत्पादन स्तर, बिक्री परिमाण, लगानीको स्वरूप र व्यापारिक संस्थाबाट भएका रोजगारी सिर्जना सम्बन्धी आधिकारिक सूचना र तथ्याङ्कको अभाव छ । यस्तो असङ्गतिको गम्भीर अर्थ लाग्छ । उदाहरणका लागि, सन् १९९६ र २००९ को द्विपक्षीय सन्धि अनुसार निर्यातित उत्पादनको स्रोत प्रमाणीकरण हुनुपर्ने प्रावधान छ तर तथ्याङ्क शुद्ध नभएको खण्डमा कूल उत्पादनको अपेक्षित परिमाण निर्यात भइसकेको निहुँमा प्रमाणीकरण हुन सक्ने प्रबल सम्भावना रहन्छ ।

नेपाल-भारत व्यापार सन्धि, जसले निश्चित कृषिजन्य तथा प्राथमिक उत्पादनहरूमा पारस्पारिक कर-मुक्त बजार -पहुँच प्रदान गरेको छ र दुई देशबीचको खुला तथा छिद्रयुक्त सिमानाले औपचारिक र अनौपचारिक बाटोबाट कृषिजन्य उत्पादन र सामग्री बजारमै नेपाल र भारत बीच वास्तविक स्वतन्त्र बजारको सिर्जना गरेका छन् । प्राविधिक, सञ्चालनको तह र सरकारी सहयोगको आकारमा भएको भिन्नताका कारण आएको उत्पादकत्व अन्तरले भारतीय कृषि उत्पादनहरूले केही नेपाली उत्पादनहरूलाई घरेलु बजारमै प्रतिस्पर्धामा उछिनेका छन् । नेपालको लागि कृषि आयातको प्रमुख स्रोत भारत नै हो, तर यसले मूल्य स्थिरतामा केही योगदान गरे पनि नेपाली खाद्य बाली नै बजारबाट विस्थापित गरेको छ । अहिले खाद्य बजारमा देखिने भारतीय आयातको वर्चस्वले यो स्थितिलाई पुष्टि गरेको छ ।

आयातमा न्यून औसत शुल्क लगाइएको तथा निर्यातमा प्रत्यक्ष विकृति ल्याउने अभ्यासहरू नभए पनि प्रचलित शुल्क प्रणालीमा अनगिन्ती समस्याहरू देखिएका छन् । प्रथमतः उत्पादनमा निहित विविध दर र समूहका कारण यसले शुल्क प्रणालीमा निरन्तर प्रवाह ल्याएको छ । यस्तो शुल्क प्रणालीले उच्च मूल्यका उत्पादनहरूको उत्पादन र व्यापारलाई निरूत्साहित गरी रोजगारीको अवसर सिर्जना हुनसक्ने परिस्थिति आउन दिँदैन । यस्तो शुल्क

संरचनाले आन्तरिक स्रोतहरूको उपयोग गर्ने उद्योगहरूसँगका पश्चगामी र अग्रगामी दुवै खालका सम्बन्धहरूलाई निरुत्साहित गर्छ ।

व्यापार नीति २०१५ र औद्योगिक नीति २०११ को निर्माणमा कृषि विकास मन्त्रालयको सहभागिता सीमित थियो । व्यापार नीतिले व्यापार बोर्ड स्थापनाको व्यवस्था गरेको छ । जसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय सहित छ वटा मन्त्रालयहरूको प्रतिनिधित्व हुने व्यवस्था छ ।२६ वटा विशेष चासोका ठानिएका मध्ये १६ वटा उत्पादन कृषि क्षेत्रका भएको स्थापित तथ्य हुदाँहुँदै यसले कृषि विकास मन्त्रालयलाई प्रष्टसँग अलग्याएको छ ।

नेपालबाट निकासी हुने प्रमुख कृषिजन्य वस्तुहरूमा तरकारी, चिया, मसला, बोसो तथा तेल, पशु आहरा र जुट तथा अन्य वनस्पति रेशा रहेका छन् । त्यसैगरी नेपालतर्फ पैठारी हुने प्रमुख कृषिजन्य वस्तुहरूमा धान/चामल, मकै, तरकारी, फलफूल, पशुपन्छीको आहारा, बोसो तथा तेल, कपास लगायतका वस्तु रहेका छन् । केही साना-साना आयातित वस्तुहरू जस्तै कागज, दुग्ध पदार्थ, तरकारी, फलफूल, धागो र मासुको लागि प्रयोग हुने पशुहरू पनि आयात गरिएको छ । जबकि यस्ता वस्तुहरूमा अलिकति ध्यान पुऱ्याउन सके आत्मनिर्भर हुन सक्ने सम्भावना हुँदाहुँदै पनि सो गर्न सकिरहेका छैनौं ।

आर्थिक सर्वेक्षण २०७६/७७ मा उल्लेख भए बमोजिम कृषिजन्य वस्तुहरूको आयात निर्यातको अवस्था यस्तो रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा रु ५१ अर्ब ८० करोड बराबरको खाध्यान्न आयात भएकोमा चालु आर्थिक वर्षको फागुनसम्ममा यस्तो आयात रु. ४० अर्ब ८२ करोड रहेको छ । कुल खाद्यान्न आयातमा धान/चामलको हिस्सा ६०.० प्रतिशत रहेको छ । यस अवधिमा रु.१ करोड ७० लाख बराबरको खाद्यान्न निर्यात भएको छ ।अघिल्लो आर्थिक वर्षमा यस्तो निर्यात रु २ करोड ५० लाख रहेको थियो ।

आर्थिक वर्ष २०७६/७७ को फागुन सम्म रु १ अर्ब ७८ करोड बराबरको मासु, माछा र तयारी माछामासु आयात भएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो आयात रु २ अर्व १६ करोड रहेको थियो ।

चालु आर्थिक वर्षको फागुनसम्म अलैची, अदुवा, बेसार, खुर्सानी लगायतका मसलाहरूको आयात रु ७ अर्ब ६९ करोड र निर्यात रु रु ८० करोड बराबरको रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा यस्तो आयात रु ११ अर्ब ४२ करोड र निर्यात रु ५ अर्ब ४ करोड रहेको छ ।

चालु आर्थिक वर्षको फागुनसम्म चियाको निर्यात रु १ अर्ब ८७ करोड र कफीको निर्यात रु ५ करोड २० लाख र आर्थिक वर्ष २०७५/७६ मा यस्तो निर्यात क्रमशः रु ३ अर्ब २० करोड र रु १० करोड रहेको थियो ।

आत्मनिर्भर खाद्य अर्थव्यवस्थामार्फत खाद्य सुरक्षा सुनिश्चित गर्नेतर्फ अन्तर्राष्ट्रिय व्यापारले निर्यात आयातबाटै खाद्य वस्तुको आयात गर्ने देशलाई सक्षम बनाएको छ । साथै यसले भारतीय बजारको हाराहारीमा नेपाली बजारमा बाह्य मूल्यमा स्थिरता ल्याउन सहयोग गरेको छ । यसले दक्डता ह्रास हुने परिस्थिति वा घरेलु खाद्य बजारलाई स्थिर गराउँदा लाग्ने लागतबाट देशलाई बचाउन सहयोग पुर्याउन सक्थ्यो । निर्यात प्रवर्धनमा सरकारको अगुवा, सहजकर्ता र नियामक भूमिकालाई सीमित गरी निजी क्षेत्रलाई नेतृत्वदायी बनाउन सकेमा कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सहज हुने देखिन्छ । कृषिजन्य वस्तुहरूको आयात निर्यातको विषय बहुआयामिक भएकाले सो कार्यबाट व्यापार घाटा न्यूनीकरण गर्न कुनै एक मन्त्रालय वा निकायको मात्रै सरोकार र चिन्ताको विषय नभई यो सबैको चासो र चिन्ताको विषय हो । यसका लागि कुनै एक निकायको मात्रै एकल प्रयासले प्रर्याप्त नहुने हुँदा नेपाल सरकारका निकायहरू, प्रदेश सरकार र स्थानीय सरकार बिच प्रत्यक्ष र परोक्ष सहयोग, सहकार्य, समन्वय र साझेदारीको खाँचो छ । सबैको साझा प्रयास र मेहनतले नै हाल देखिरहेकै व्यापार घाटाको विकराल अवस्थालाई कम गरी सरकारले लिएको समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय सङ्कल्पलाई पूरा गर्न सकिन्छ ।

राष्ट्रिय योजना आयोगको आर्थिक वर्ष २०७७/८८ को वार्षिक कार्यक्रममा कृषिक्षेत्र अन्तर्गत कृषिजन्य वस्तुहरूको आयात निर्यातको अवस्था अध्ययन गर्ने विषय रहेको हुँदा दिइएको कार्यक्षेत्रगत शर्त बमोजिम सो अध्ययनको कार्य तोकिएको कार्यदलले विभिन्न सरोकारवाला

वर्ग र राष्ट्रिय योजना आयोगका पदाधिकारीज्यू र कर्मचारीसँग छलफल गरी प्राप्त सुझावहरू समेत अध्ययन गरी छलफल र परिमार्जन सहित यो अध्ययनको प्रतिवेदन तयार गरिएको छ ।

१.२ समस्याको पहिचान

निर्यात वृद्धि नहुँदा व्यापार घाटा निरन्तर वृद्धि भइरहेको छ । निर्यात व्यापारले मुलुकमा वैदेशिक मुद्राको आर्जन बढाउँछ । रोजगारी र आर्थिक वृद्धिमा सहयोग गर्दछ । स्वदेशमा उत्पादन वृद्धि, प्रतिस्पर्धात्मक क्षमताको विकास र गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन बढाई अन्तर्राष्ट्रिय बजारमा पहुँच, पहिचान तथा प्रचार नगरी हाल दिन प्रति दिन बढ्दै गएको आयातको चापलाई घटाउने परिकल्पना समेत गर्न सकिँदैन । उत्पादनका साधनको रूपमा विश्वबजारमा उपलब्ध सीप, पुँजी र प्रविधिको उपयोग गरी देशमा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाको विकास गरी निर्यात प्रवर्द्धन तथा अभिवृद्धि मार्फत आयातलाई प्रतिस्थापन गरेको खण्डमा नेपालको बढ्दो आयात व्यापार घाटा न्यून गर्दै संविधानले परिकल्पना गरेको सबल, समृद्ध, स्वाधीन, आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न सकिन्छ। व्यापार घाटाको यस्तो विकराल अवस्थाबाट जोगिन विदेशी वस्तु सेवा माथि कम भर परी आत्मनिर्भर हुने नीति अख्तियार गर्नुपर्दछ । त्यसका लागि अत्यावश्यक बाहेकका वस्तु माथि भन्सार दर उच्च राखी विदेशी वस्तुहरू आयातको दरलाई घटाउने, देशका स्थानीय उद्योगधन्दालाई विदेशी ठुला/ठुला उद्योगहरूसँग प्रतिस्पर्धायोग्य बनाउने, प्रत्येक स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रभित्र आत्मनिर्भर हुनसक्ने तरकारी, दाल, चामल लगायतका दैनिक उपभोग्य वस्तुहरू त्यही उत्पादन र बजारीकरणमा प्रोत्साहन गरी भारतबाट आयातित वस्तुहरू प्रवेश गर्न निषेध गरेर, स्वदेशी पुँजी, स्वदेशी श्रम र स्वदेशी कच्चा पदार्थ प्रयोग गरी स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र बनाउने, उद्योग क्षेत्रमा innovation, creativity, quality and competitivenessलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने, निर्यात प्रवर्द्धन नीति अख्तियार गरी निर्यात मार्फत आर्थिक वृद्धि हासिल गर्नेतर्फ राज्यको ध्यान केन्द्रित हुनुपर्छ ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको प्रधान्यता यहाँको वास्तविकता हो । करिव ६०.४ प्रतिशत जनसंख्या कृषिमा आवद्ध रहे तापनि कुल गार्हस्थ्य उत्पादन (GDP) मा २७ प्रतिशत योगदान मात्र रहनुले यस क्षेत्रमा देखिएका विधमान समस्याहरूको समयनै प्रयाप्त सम्बोधन हुन नसकेको प्रष्ट बुझिन्छ । कृषि क्षेत्रको विकासले आर्थिक समृद्धि हासिल गर्ने आधार तयार गर्दछ । कृषि क्षेत्रको विकास र विस्तारले मात्र देश विकासमा महत्वपूर्ण योगदान गर्दछ । कृषि लगायत प्राकृतिक स्रोतको समुचित उपयोग गरी तुलनात्मक लाभका आधारमा कृषि बालीको प्रतिस्पर्धी क्षमता बढाएर उत्पादन वृद्धि गरी मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनु राष्ट्रको प्राथमिकता हुनु पर्दछ । तुलनात्मक लाभका नगदे बालिहरूमा व्यावसायीक कृषि मार्फत आयात प्रतिस्थापन र आम किसानहरूको आर्थिक स्तर वृद्धि गर्दै समृद्ध नेपाल बनाउने नै हाम्रो परिकल्पना हुनु पर्दछ । कृषिमा औद्योगिकरण नभएसम्म देशको समृद्धिको परिकल्पना गर्न पनि सकिदैन । कृषिमा व्यावसायिकरण, विविधिकरण, आधुनिकिरण गरी यस क्षेत्रको योगदान बढाउने र विदेश पलायन भएका र वैदेशिक रोजगारीमा गएका युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषिलाई आत्मनिर्भर बनाई कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नु अहिलेको आवश्यकता हो ।

यसै कुरालाई दृष्टिगत गरी कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर कम गर्ने, सिँचाइ सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिको लागि चाप घटाउने, किटनाशक विषादीको अनुपयुक्त र असुरक्षित प्रयोगबाट वातावरण र जनस्वास्थ्यमा नकारात्मक प्रभाव घटाउने, उपलब्ध कृषि प्राविधिकहरू पर्याप्त रूपमा कृषकको थलोमा पुर्याउने, रासायनिक मल आयात र वितरण व्यवस्था सुनिश्चित तुल्याउने, युवाजनशक्तिलाई कृषि पेसामा आकर्षित गर्ने, कृषि उपजनको प्रशोधन प्रविधिको विकास र विस्तार गर्ने, कृषि एवम् पशुजन्य उत्पादन, वितरण, गुणस्तर एवम् स्वच्छताको नियमन कार्य प्रभावकारी तुल्याउने, कृषि उत्पादकत्व बढाउन कृषक समूह र सहकारीको संस्थागत विकास, गरिव महिला, जनजाति, दलित, मधेसी, मुस्लीम र दुर्गम क्षेत्रका कृषकहरूको कृषि तथा पशु सेवा कार्यक्रम पहुँच वृद्धि गर्ने, कृषि सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षामा पँहुच बढाउने जस्ता कार्यहरूलाई सार्थकताका साथ

गर्न सकेमा मात्र कृषिजन्य वस्तुको उत्पादनमा बृद्धि हुन गई अन्तर्राष्ट्रिय बजारमा यसको माग बढि हुने थियो । जसको लागि कृषि क्षेत्रमा देखिएका सम्पूर्ण समस्या र चुनौतिको समयमै समाधान गर्न सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज/ सचेतक, र मिडियाहरू लगायत सम्बन्धित सबै क्षेत्रको सकारात्मक, सक्रिय र सार्थक सहभागिता हुनु आवश्यक छ । दुरगामी असर पार्ने नीति नियम कानून, त्यसलाई सहयोग गर्ने संरचना, राज्यको लगानी, निजी सहकारी क्षेत्रको संक्रियता र किसानहरूको सचेतना, संलग्नता, लगनशीलता, मिहिनेत, दाताको लगानी प्रतिवद्धताबाट कृषि क्षेत्रमा उल्लेख्य प्रगति भई कृषिमा आत्म निर्भर भई कृषि क्षेत्रलाई आकर्षित र मर्यादित बनाई युवावर्गलाई कृषि क्षेत्रमा टिकाएर राख्न सकिन्छ ।

उन्नत खेती र उत्पादन अभ्यासको अभावमा नेपाली कृषि उत्पादनहरूलाई अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अङ्गिकार गर्न कठिन भएको छ । फलस्वरूप नेपाली उत्पादनहरूले आयात बजारमा स्वस्थ्य सुरक्षा तथा प्राविधिक मापदण्डका अड्चनहरू खेप्नुपर्छ । यस अतिरिक्त नेपालमा उत्पादन प्रमाणिकरणको यथेष्ठ कानुनी र संस्थागत प्रावधानको पनि अभाव छ ।

दीर्घकालीन कृषि योजना सफल हुन नसकेको परिप्रेक्ष्यमा कृषि विकास मन्त्रालयले कृषि रणनीति बजारका असङ्गति र अनियमितता घटाउन तथा विगतमा व्यापार नीतिको संस्थागत विकासमा निरन्तरता दिन निर्यात प्रवर्द्धनमा मात्र नभएर निर्यात विकासतर्फ पनि केन्द्रित रहेको भए तापनि अझ पर्याप्त कार्य गर्न नसकेको देखिन्छ ।

माथि उल्लिखित समस्याहरूको कारण कृषिजन्य वस्तुहरूको आयातको अवस्थालाई न्यून गरी निर्यात बढाउन सकिएको छैन् । जसको कारण व्यापार घाटा व्यहोर्नु परेको छ । यिनै पक्षहरूमा देखिएका समस्याहरूको उजागर गरी तथ्यगत, सूचनागत र व्यवहारीक रूपमा समस्याको समाधानका उपायहरू सहित दिइएका सुझावहरूको उपायोगिताको लागि यो अध्ययनबाट सहयोग पुग्ने देखिन्छ ।

१.३ अध्ययनको उद्देश्य

यो अध्ययन कार्यको प्रतिवेदन तयार गर्नुको प्रमुख उद्देश्य कृषिजन्य वस्तुहरूको आयात निर्यात सम्वन्धीको अवस्था बारेमा संवैधानिक, नीतिगत, सैद्धान्तिक, व्यावहारिक, व्यवस्थापकीय र तथ्यगत सूचनाहरूको विश्लेषण गरी उपलब्ध गराइएको कार्यक्षेत्रगत शर्त बमोजिमका अध्ययन प्रतिवेदन तयार गर्नु हो। जसले कृषिजन्य वस्तुहरूको आयात प्रतिस्थापन गरी अन्तरराष्ट्रिय स्तरमा निर्यात प्रवर्धनमा सहयोग गर्न सरकारलाई सिफारिस गर्नु हो ।विशेषत: यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- कृषि वस्तुको आयात, निर्यातको अवस्था चित्रण गर्नु,
- कृषि वस्तुको आयात, निर्यातको प्रवृत्ति र सोबाट परेको प्रभावको विश्लेषण गर्नु,
- नेपाल व्यापार एकिकरण रणनीतिमा (NTIS) संलग्न भएका कृषि वस्तुले निर्यातमा पुर्याएको योगदानको समीक्षा गर्नु,
- कृषि वस्तुको आयात, निर्यातमा देखिएका समस्याको समाधानका लागि उपयोगी सुझाव पेश गर्नु,
- विशेष ९ वटा आयात निर्यात हुने वस्तुहरूको ५ वर्ष सम्मको अवस्थाको विश्लेषण गर्नु ।

१.४ अध्ययनको आवश्यकता

कोभिड १९ ले देशको अर्थतन्त्रमा प्रतिकूल असर र प्रभाव पार्न सक्ने अवस्थालाई आत्मसात गर्दै कृषि क्षेत्रमा विशेष केन्द्रित हुनु आवश्यक भएको हुँदा कृषि वस्तुको आयात, निर्यातको अवस्था सम्बन्धी अध्ययन गर्नु जरुरी छ । विद्यमान कृषि वस्तुको आयात, निर्यातको अवस्थाको चित्रण र विश्लेषणको आधार लिनुपर्ने कारण अध्ययन कार्य वाञ्छनीय छ ।कृषि आयात निर्यातसँग सम्बन्धित संवैधानिक, नीतिगत, कानुनी, संस्थागत, व्यवस्थापकिय र प्रकृयागत व्यवस्थाहरूको जानकारी दिन, कृषिजन्य वस्तुको आयात निर्यातमा परेको असर र प्रभावको विभिन्न क्षेत्रगत तथ्य र सूचनाहरूको विस्तृत विश्लेषण गरी जानकारी दिन, मुख्य

कृषिजन्य वस्तुहरूको उत्पादन, व्यावसायिकरण, बजारिकरण र आधुनिकीकरणमा देखिएका समस्या तथा चुनौतिहरूको अध्ययन गरी समाधानका उपायहरू समष्टिगत रूपमा उपलव्ध गराउन, राष्ट्रिय, क्षेत्रीय र बहुराष्ट्रिय कृषिजन्य संस्थाहरूले नेपालको कृषि वस्तुको आयात निर्यातमा निर्वाह गरेको भूमिका तथा योगदान वारेमा जानकारी दिन, व्यापार घाटा न्यूनिकरणमा कृषि क्षेत्रको योगदान र महत्व वारेमा जानकारी दिन, आधुनिक कृषि प्रणाली र कृषि सञ्जालीकरणलाई आत्मसात गर्नको लागि यो अध्ययनको आवश्यकता रहेको छ । साथै राष्ट्रिय योजना आयोगको (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को बुँदा नं ६ काम, कर्तव्य र अधिकार अन्तर्गत (घ) मा अध्ययन, अनुसन्धान र अन्वेषण उल्लेख गरिएको छ । यसै गरी राष्ट्रिय योजना आयोगको आ व २०७७/७८ को स्वीकृत कार्यक्रमको रूपमा समेत कृषिजन्य वस्तुको आयात, निर्यातको अवस्था अध्ययन गर्ने भनिएको हुँदा उक्त अध्ययनको विषय आवश्यक भएको हो ।

१.५ अध्ययनको विधि

यस अध्ययन कार्यलाई पूरा गर्नको निमित्त द्वितीय स्रोतको रूपमा रहेको नेपालको संविधान २०७२ मा कृषि क्षेत्र सम्वन्धी विषयहरूको अध्ययन र विश्लेषण, विभिन्न समयमा प्रकाशित र जारी गरिएका नीति, कानून (ऐन, रणनीति, कार्यनीति, कार्ययोजना कार्यविधि र मापदण्ड),१५ औ आवधिक योजना (२०७६-२०८१), आर्थिक सर्वेक्षण २०७६/७७, दिगो विकास लक्ष्य २०३०, मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७/७८-२०७९/८०), वार्षिक विकास कार्यक्रम, विभिन्न पुस्तकहरू तथा लेखहरूको प्रयोग गरिएको छ । साथै यससँग सम्बन्धित मन्त्रालयको वेभसाइटहरूको समेत अध्ययन गरिएको छ । यसरी उल्लिखित सामग्रीहरूलाई विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरी द्वितीय तथ्याङ्कका स्रोतहरूको उपयोगबाट यसको व्यवहारिक पक्षहरूको समेत विश्लेषण गरी यो अध्ययन कार्यको प्रतिवेदन तयार गरिएको छ ।

१.६ अध्ययनको स्वरूप

यस अध्ययन प्रतिवेदनमा चारवटा एकाईहरू रहेका छन् । विशेष गरी यो अध्ययनको परिचय खण्डमा कृषि वस्तुको आयात निर्यात सम्बन्धी पृष्ठभूमि, समस्याको कथन, अध्ययनको आवश्यकता, अध्ययनको उद्देश्य, अध्ययन विधि, अध्ययन ढाँचा र अध्ययनको सीमालाई समावेश गरिएको छ ।त्यस्तै गरी नेपालको वैदेशिक व्यापारको खण्डमा नेपालको वैदेशिक व्यापारको अवस्था,व्यापारमा कृषि वस्तुको आयात निर्यातको अवस्था, नेपालको वैदेशिक व्यापारमा कृषि वस्तहरूको हिस्सा,कृषि वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको लागि गरिएको संवैधानिक, कानूनी, नीतिगत, संस्थागत, प्रकृयागत, व्यवस्थापकिय, कार्यक्रमगत व्यवस्थाहरूलाई समावेश गरिएको छ ।

यसरी नै **कृषिजन्य वस्तुको आयात निर्यातको विश्लेषण खण्डमा** कृषिवस्तुको आयातको अवस्था (विगत पाँच वर्षको), कृषिवस्तुको निर्यातको अवस्था (विगत पाँच वर्षको), नेपाल व्यापार एकिकृत रणनीतिहरूले पहिचान गरेका निर्यात योग्य कृषि वस्तुहरूको निर्यातको अवस्था (आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका अवसरहरू), कृषि वस्तुको निर्यात प्रवर्द्धनमा देखिएका समस्या, कृषि वस्तुको निर्यात प्रवर्द्धनमा देखिएका चुनौति, कृषिवस्तुको आयात बढ्नु र निर्यात प्रवर्द्धन हुन नसक्नुका कारण र समाधानका उपायहरूलाई समावेश गरिएको छ ।अन्तमा कृषिवस्तुको आयात निर्यात सम्बन्धी निस्कर्ष तथा सिफारिस लगाएतका विभिन्न शीर्षक अन्तर्गतका उप-शीर्षकहरू समाहित गरी यस अध्ययनसँग सम्बन्धित तथ्याङ्कहरूलाई विभिन्न तालिका, चित्र र अनुसूचीमा मार्फत यस अध्ययन प्रतिवेदनलाई पूर्णता दिइएको छ ।

१.७ अध्ययनको सीमा

कोभिड १९ को संक्रमणबाट जनस्वास्थ्यमा बढ्दै गइरहेको गम्भीर असर र प्रभावलाई नियन्त्रण गर्न देशमा भएको निषेधाज्ञा, र न्यून कर्मचारीको उपस्थितिमा कार्यालयको काम कागज गर्नुपर्ने समयमा पनि कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्य जटिल भएको थियो । यसमा पनि अध्ययन गर्न खोजिएको विषय

कोभिड १९ पछिको पहिलो प्राथमिकतामा परेको कृषि क्षेत्र अन्तर्गतको महत्वपूर्ण विषय रहेको छ ।जसलाई दिगो विकास लक्ष्य, आवधिक योजना र बजेट वक्तव्य मार्फत पनि सम्बोधन गरिएको पाइन्छ । समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकङ्क्षा पूरा गर्ने प्रमुख क्षेत्रको रूपमा रहेको सो विषय सम्बन्धी अन्तरसम्बन्धित नीति, ऐन, नियम र कानून, कार्यक्रम, आयोजना अत्याधिक धेरै भएको र त्यसमा पनि समय समयमा परिवर्तन एवम् परिमार्जन भई रहने हुँदा सो अध्ययनको कार्य जटिल भएको थियो ।यस अध्ययन कार्यको सीमाहरू निम्नानुसार उल्लेख गरिएको छ ।

- यो अध्ययन कार्य नितान्त उपलब्ध गराइएको कार्यक्षेत्रगत शर्तको अधीनमा रही गरिएको छ।
- अध्ययन कार्यका लागि गठन गरिएको कार्यदलले समूहगत रूपमा आ-आफ्नो कार्य जिम्मेवारीको काम गर्ने छ।
- प्रारम्भिक प्रतिवेदन काम सुरु भएको मितिले तिस दिन भित्र उपलब्ध गराउने छ।
- मस्यौदा प्रतिवेदन काम शुरु भएको मितिले पैतालीस दिन भित्र उपलब्ध गराउने छ ।
- अन्तिम प्रतिवेदन काम शुरु भएको मितिले पच्पन्न दिन भित्र उपलब्ध गराउने छ ।
- सीमित समय, स्रोत र साधन आदिका कारण व्यापक अध्ययन गरिएको छैन ।

भाग दुई
नेपालको वैदेशिक व्यापार

२.१ नेपालको वैदेशिक व्यापारको अवस्था

हरेक मुलुकको अर्थतन्त्रको एउटा महत्वपूर्ण क्षेत्रको रूपमा वैदेशिक व्यापार रहेको हुन्छ। आधुनिक प्रविधि, कच्चा पदार्थ र अन्य उपभोग्य वस्तु विदेशबाट आयात र आफ्ना उत्पादन अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर अर्थतन्त्र विकास तथा आधुनिकीकरण गर्नका लागि वैदेशिक व्यापारले महत्वपूर्ण भूमिका खेल्दछ । देशभित्र मात्र सीमित हुने क्रियाकलापले मुलुकको अर्थतन्त्र फस्टाउन सक्दैन। वास्तवमा अन्तर्राष्ट्रिय बजारको सम्भावनाको उपयोग गर्नु जरूरी रहेको हुन्छ। त्यस्तो बजारमा धेरैभन्दा धेरै वस्तु पठाउन सक्ने हो भने छोटै समयमा त्यो मुलुक समृद्ध बन्न सक्छ। उदाहरणका लागि जापान, कोरिया, चीन आदि मुलुकहरूलाई लिन सकिन्छ तर त्यस्तो वैदेशिक व्यापार सन्तुलित हुनुपर्दछ। आयात र निर्यातबीच भने ठूलो अन्तर हुनुहुँदैन।

आर्थिक वर्ष २०७६/०७७ मा १२ खर्ब ९४ अर्बको कुल व्यापारमा झन्डै ११ खर्ब घाटा भएको थियो। अर्थात् कुल वैदेशिक व्यापारमा निर्यातको अंश केवल ७.५ प्रतिशत र आयातको अंश ९२.५ प्रतिशत थियो। अझ कोभिड-१९ का कारणले विदेशी मुद्राको खर्च कटौती गर्न केही वस्तुको आयातमा आंशिक र केहीमा पूर्ण प्रतिबन्ध लगाइएकाले आयात घट्न गई यो स्थिति देखिएको हो । त्यसैगरी, आर्थिक वर्ष २०७२/०७३, २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ मा कुल व्यापारमा निर्यातको अंश केवल क्रमश ६.४१ प्रतिशत, ६.१३ प्रतिशत, ६.८७ प्रतिशत, ८.३१ प्रतिशतमात्र थियो।

तालिका: नेपालको आयात र निर्यातको अवस्था

आर्थिक वर्ष	आयात (रू करोड)	निर्यात (रू करोड)	कूल व्यापार (रू करोड)	व्यापार घाटा (रू करोड)	कूल व्यापारमा आयात (प्रतिशत)	कूल व्यापारमा निर्यातको प्रतिशत
२०७२/०७३	७७३५९.९	७०११.७	८४३७१.६	-७०३४८.२	९१.६९	८.३१
२०७३/०७४	९९०११.३	७३०४.९	१०६३१६.२	-९१७०६.४	९३.१३	६.८७
२०७४/०७५	१२४५१०.३	८१३६	१३२६४६.३	-११६३७४.३	९३.८७	६.१३
२०७५/०७६	१४१८५४	९७११	१५१५६४.५	-१३२१४२.५	९३.५९	६.४१
२०७६/०७७	११९६७९.९	९७७०.९१	१२९४५०.८	-१०९९०९.०	९२.४५	७.५५

स्रोतः- आर्थिक सर्वेक्षण, २०७६/०७७ र भन्सार विभाग

आर्थिक वर्ष २०७६/०७७ मा नेपालको व्यापार घाटाको कूल गार्हस्थ उत्पादनसँगको अनुपात ३२.११ प्रतिशत पुगेको छ । त्यसैगरी, आर्थिक वर्ष २०७६/०७७ मा नेपालको आयातको कूल गार्हस्थ उत्पादनसँगको अनुपात ३५.३८ प्रतिशत र निर्यातको कूल गार्हस्थ उत्पादनसँगको अनुपात ३.२७ प्रतिशत रहेको छ । दश वर्ष अघि, आर्थिक वर्ष २०६६/०६७ मा भने नेपालको आयातको कूल गार्हस्थ उत्पादनसँगको अनुपात ३०.७४ प्रतिशत, निर्यातको कूल गार्हस्थ उत्पादनसँगको अनुपात ५.३० प्रतिशत र व्यापार घाटाको कूल गार्हस्थ उत्पादनसँगको अनुपात २५.४५ प्रतिशत रहेको थियो । निर्यात भने वढ्न सकेको छैन, तर आयात भने बढिरहेको छ । यसले गर्दा व्यापार घाटा बढिरहेको पाइन्छ।

चार्टः कूल गार्हस्थ उत्पादनको तुलनामा आयात, निर्यात र व्यापार घाटा

स्रोतः- आर्थिक सर्वेक्षण, २०७६/०७७

पाँच वर्षको तथ्याङ्क (आर्थिक वर्ष २०७२/०७३ देखि २०७६/०७७) लाई आधारमा नेपालको प्रमुख आयातित वस्तुमध्ये डिजेल, अर्ध प्रशोधित फलाम तथा स्टील, पेट्रोल, धान/चामल, सिमेन्ट क्लीङ्कर, दूरसञ्चार सम्वन्धी सामान, सुन, आदि पर्दछन् । नेपालका प्रमुख दशवटा आयात हुने वस्तुमा धान/चामल पर्दछ भने नेपालका प्रमुख आयात हुने बीसवटा वस्तुमा मकै पर्दछ । यसरी धान र मकैको परनिर्भरता बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा क्यानडा, रूस, युक्रेन र संयुक्त राज्य अमेरिकाबाट रू १०.६३ अर्ब मूल्यको केराउ आयात गरिएको थियो । अघिल्लो आर्थिक वर्षमा करीव ५ अर्वको केराउको आयात मात्र भएको थियो ।

पाँच वर्षको तथ्याङ्क (आर्थिक वर्ष २०७२/०७३ देखि २०७६/०७७) ले नेपालले निर्यात गर्ने प्रमुख वस्तुमा अलैची, गलैचा, धागो, चिया, जुस, जुटका सामान रहेका छन् । आर्थिक वर्ष २०७६/०७७ मा भने पाम र भटमासको तेलले कूल निर्यातमध्ये ३१.७४ प्रतिशत स्थान ओगटेको थियो । पाम र भटमासको तेल दुवै नेपालमा उत्पादन नहुने कृषि वस्तु हुन् । यसैगरी, स्वदेशमा कच्चा पदार्थ नभए पनि नेपालले सन् १९९८ देखि वनस्पति घ्यूको निर्यात भारततर्फ बढाएको थियो भने सन् २००२ बाट घट्दै गएको थियो।

आर्थिक वर्ष २०६९/०७० मा कुल वैदेशिक व्यापारमा भारत, चीन र अन्य मुलुकहरूको अंश क्रमश ६६, १०.२ र २३.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा कुल वैदेशिक व्यापारमा भारत, चीन र अन्य मुलुकहरूको अंश क्रमश ६४.७, १३.७ र २१.६ प्रतिशत रहनुले नेपालको वैदैशिक व्यापारको दुईवटा मुलुकमा केन्द्रित रहेको देखिन्छ ।

आर्थिक वर्ष २०५८/०५९ मा कुल गार्हस्थ उत्पादनमा आन्तरिक राजस्वको हिस्सा ११.९३ प्रतिशत रहेकोमा २०७६/०७७ मा २१.१३ प्रतिशत पुगेको छ । विश्व बैङ्कको प्रतिवेदन अनुसार नेपालले सन् २०१६, २०१७ र २०१८ मा क्रमश ६.६१ अर्व, ६.९२ अर्व र ८.२९ अर्व अमेरिकी डलर विप्रेषणको रूपमा भित्र्याएको थियो । यसका साथै, विदेशी अनुदान र ऋण, पेन्सन, पर्यटन र लगानीको आयबाट देशलाई विदेशी मुद्रा प्राप्त भइरहेको छ । हाल विदेशी मुद्राको सञ्चितीबाट महिनाको वस्तु आयात धान्न अवस्था रहेको छ । यसले गर्दा, विदेशी मुद्राको

पर्याप्त उपलव्धताले गर्दा आयात बढिरहेको छ, जसले गर्दा राजश्व बढाउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । राजस्वमा वृद्धि र अर्थतन्त्र चलायमान रहने कारणले पनि आयात निर्वाध रूपमा बढिरहेको पाइन्छ । वास्तवमा राजस्व बढाउन आयात बढाउने प्रवृत्ति राणाकालदेखि नै निरन्तररूपमा रहदै आएको छ। यसले गर्दा कृषि र उद्योगजस्ता आधारभूत क्षेत्र वृद्धि हुन कठीन भइरहेको देखिन्छ ।

२.२ नेपालको वैदेशिक व्यापारमा कृषि वस्तुहरूको हिस्सा

आर्थिक वर्ष २०७६/०७७ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.७ प्रतिशत रहेको अनुमान रहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण २०१८ का अनुसार कृषि क्षेत्रमा संलग्न जनसंख्या ६०.४ प्रतिशत रहेको छ । पछिल्लो दशकमा नेपालको कृषि क्षेत्रको उत्पादन औसत ३.२ प्रतिशतले बढेको छ ।

६०.४ प्रतिशत जनसंख्या कृषिमा संलग्न रहे तापनि अधिकांश कृषि वस्तुको आयात बढ्दै गइरहेको छ । आर्थिक सर्भेक्षण २०७६/०७७ मा उल्लेख गरिएको २६ वटा कृषि वस्तुमध्ये आर्थिक वर्ष २०७५/०७६ मा २६ वटा वस्तुमध्ये ५ वटा वस्तुमा व्यापार सन्तुलन रहे तापनि आर्थिक वर्ष २०७५/०७६ मा भने २६ वटा वस्तुमध्ये २ वटा वस्तुमा मात्र व्यापार सन्तुलन रहेको थियो ।

तालिका : कृषिजन्य वस्तुहरूको निर्यात र आयातको अवस्था (रू करोडमा)

क्रसं	वस्तुको नाम	आर्थिक वर्ष २०७५/०७६			आर्थिक वर्ष २०७६/०७७*		
		आयात	निर्यात	व्यापार सन्तुलन	आयात	निर्यात	व्यापार
१	जीवित जन्तु	४०९.९	१.०	-४०८.९	९५.६	०.९	-९४.७
२	मासु	१६.०	२१.८	५.८	५.९	३.८	-२.१
३	माछा तथा अन्य जलचर	१८९.४	०.१	-१८९.३	१६२.७	०.०	-१६२.७
४	तयारी माछा मासु	१०.५	०.०	-१०.५	९.०	०.०	-९.०
५	दुग्ध पदार्थ तथा पशुजन्य खाद्य	१९६.५	२६.९	-१६९.६	१७४.१	१.६	-१७२.५
६	जीवित बोट विरूवा तथा फूल	२०.९	०.५	-२०.४	२१.४	०.५	-२०.९
७	तरकारी तथा दलहन	२८६६.५	१४३.३	-२७२३.२	२३३९.४	१०१.५	-२२३७.९
८	नट्स तथा फलफूल	१८१०.६	०.९	-१८०९.७	१६९०.३	०.७	-१६८९.६
९	चिया	११.८	३२०.४	३०८.६	७.२	१८६.६	१७९.४
१०	कफी	९.८	१०.०	०.२	१०.६	५.२	-५.४
११	मसला	११४२.०	५०४.४	-६३७.६	७६९.१	३८०.४	-३८८.७
१२	धान चामल	३२५९.५	०.४	-३२५९.१	२३९०.६	०.९	-२३८९.७
१३	मकै	१२९४.७	०.०	-१२९४.७	११८३.२	०.०	-११८३.२
१४	गहूँ	५८०.७	०.०	-५८०.७	४६९.५	०.०	-४६९.५
१५	अन्य खाद्यान्न	४५.४	२.१	-४३.३	३९.१	०.७	-३८.४

क्रसं	वस्तुको नाम	आर्थिक वर्ष २०७५/०७६			आर्थिक वर्ष २०७६/०७७*		
		आयात	निर्यात	व्यापार सन्तुलन	आयात	निर्यात	व्यापार
१६	पिठो, मैदा, सुजी, च्याँख्ला आदि	१६८.४	५.२	-१६३.२	११०.५	३.८	-१०६.७
१७	पशुपन्छीको आहारा	१६६४.६	३४५.९	-१३१८.७	११४१.७	२३०.५	-९११.२
१८	सुर्ति तथा सुर्तिजन्य उत्पादन	२८९.७	१६.३	-२७३.४	२३४.१	९.३	-२२४.८
१९	छाला	६.९	५२.०	४५.१	५.९	१५.८	९.९
२०	बोसो तथा तेल	३७१२.०	१२९५.२	-२४१६.८	३७३६.०	२४६९.५	-१२६६.५
२१	चिनी	९२.६	०.२	-९२.४	१७६.४	०.०	-१७६.४
२२	चिनीजन्य उत्पादन	२२०.१	११.३	-२०८.८	१४०.०	८.२	-१३१.८
२३	रेशम	४५.८	०.०	-४५.८	३२.३	०.०	-३२.३
२४	उन	४१२.५	१.९	-४१०.६	२६८.०	०.६	-२६७.४
२५	कपास	७८६.६	०.४	-७८६.२	५६०.४	०.०	-५६०.४
२६	जुट तथा अन्य वनस्पति रेशा	३१६.५	३३१.०	१४.५	२६६.०	२५९.२	-६.८

* आर्थिक वर्ष २०७६/०७७ को आठ महिनाको ।

स्रोतः- आर्थिक सर्वेक्षण, २०७६/०७७, अर्थ मन्त्रालय

२.३ कृषि वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको लागि गरिएको नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरूको (ङ) कृषि र भूमिसुधार सम्वन्धी नीति (३) मा किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने भनी उल्लेख गरिएको छ ।

पन्ध्रौ योजनाको कृषि क्षेत्रका उद्देश्यहरूमध्ये व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु एउटा उद्देश्य रहेको छ । त्यसैगरी कृषि क्षेत्रको रणनीतिहरू मध्य एउटा रणनीतिमा तुलनात्मक लाभ एवम् उच्च मूल्य बाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने कुरामा जोड दिइएको छ ।

आर्थिक वर्ष २०७२/०७३ देखि कार्यान्वयन भइरहेको कृषि विकास रणनीतिले "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्यसम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" दूरदृष्टि राखेको छ । खाद्य तथा पोषणको सुरक्षा, गरिवी न्यूनीकरण, प्रतिस्पर्धात्मकता, उच्च र उचित आम्दानी र किसानको अधिकारको सुनिश्चितिता गरी पाँच प्रकारका प्रभाव कृषि

विकास रणनीतिबाट पर्ने अनुमान गरिएको छ। प्रतिस्पर्धात्मकता सम्वन्धी प्रभावको सूचक नै कृषि व्यापारमा सन्तुलन रहेको छ । प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न बजार पूर्वाधारहरूको विकास, साना तथा मझौला व्यावसायिक कृषि उद्यमहरूको वृद्धि, खाद्य कृषिजन्य उत्पादनहरूको निर्यातमा वृद्धि र खाद्य सुरक्षा तथा गुणस्तर अभिवृद्धिका माध्यमबाट मापन गर्ने धारणा राखिएको छ ।

व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवम् दिगो आर्थिक बृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान गर्न राष्ट्रिय कृषि नीति २०६१ कार्यान्वयन गरिएको छ । कृषि उत्पादन एवम् उत्पादकत्व बढाउन र व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्य यस नीतिले राखेको छ ।

नेपाल सरकारले कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ कार्यान्वयन गरिरहेको छ । यस नीतिको उद्देश्य बजारमुखी, प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने, कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने र कृषिको व्यावसायिकरण गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने रहेको छ । कृषिजन्य व्यावसायिक पकेटहरूको लागि बजार सन्जाल विकास तथा विस्तार, गुणस्तर प्रमाणीकरण गर्न सरकारी तथा निजी स्तरबाट एकृडिएटेड ईण्डिपेन्डेट एनालिटिकल लेवोरेटरीहरूको स्थापना र विकासलाई प्रोत्साहन गरी उनीहरूको क्षमताको अभिवृद्धि गर्न यस नीतिले प्राथमिकता दिएको छ।

निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको वाणिज्य नीति, २०७२ को उद्देश्य आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने रहेको छ । वाणिज्य नीति, २०७२ को कार्यनीतिमा कृषि, वन पैदावार लगायतका व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाइने, नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरे

लगायतका वस्तुहरूको प्रतिस्पर्धी क्षमतावृद्धि गर्न मूल्य श्रृङ्खला विकासमा सहयोग गरिने, निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुहरूको संकलन एवं प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न प्रशोधन केन्द्रहरू स्थापना गर्न सहयोग पुऱ्याइने तथा नेपालमा उत्पादन सम्भावना भएका तर आयात गर्नु परिरहेका औद्योगिक र कृषिजन्य (खाद्यान्न, तरकारी, फलफूल लगायतका) वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने भनी उल्लेख गरिएको छ । वाणिज्य नीतिमा उल्लेख गरिएका निर्यात सम्भावनायुक्त २६ वटा वस्तुहरूमध्ये कृषि क्षेत्रका १५ वटा वस्तुहरू रहेका छन् ।

नेपाल व्यापार एकीकृत रणनीति, २०१६ ले देशको निर्यात क्षेत्रले सामना गरिरहेको चुनौतीलाई सम्बोधन गर्न ध्यान दिएको छ । यसले १२ वटा वस्तु तथा सेवाहरूमा सम्भाव्यता तथा मूल्य श्रृङ्खला विकासको पहिचान गरेको छ । अलैंची, अदुवा, चिया र औषधीजन्य जडीबुटी जस्ता कृषिजन्य वस्तुलाई प्राथमिकताप्राप्त निर्यात संभावना भएको कृषिवस्तुको रूपमा तोकेको छ ।

यसैगरी, एकीकृत व्यापार रणनीति २०१० मा निर्यातजन्य वस्तुका रूपमा रहेका कफी, फलफूल र तरकारी, महलाई पनि सन् २०१६को रणनीतिले निर्यातको सम्भावना रहेका वस्तुको सूचीमा राखेको छ। प्राथमिकताप्राप्त सम्भाव्य निर्यातजन्य वस्तुहरूको मूल्य श्रृङ्खला विकास सुदृढिकरण तथा व्यापारको अवस्थामा सुधार ल्याई राष्ट्रिय अर्थतन्त्रमा निर्यातजन्य सम्भाव्यता भएका वस्तु तथा सेवाहरूको योगदान बढाउँदै लैजाने यस रणनीतिको लक्ष्य रहेको छ। यस ती लक्ष्य प्राप्तिका लागि व्यापार तथा निर्यातजन्य वातावरणलाई सुदृढ गर्ने, प्राथमिकताप्राप्त वस्तुहरूको विकासमा ध्यान दिने र त्यसको आपूर्ति क्षमता सुदृढ गर्ने, अन्तर-निकाय समन्वय, व्यापार सम्झौता र संस्थागत क्षमता सुदृढ गर्ने र व्यापार सम्बन्धित पूर्वाधारहरूको निर्माण तथा सुधार गर्ने उद्देश्य राखिएको छ । साथै, उक्त उद्देश्य प्राप्तिका लागि यस रणनीतिले व्यापारिक छलफल सहितको व्यापारका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने, लगानी तथा व्यापारका लागि वातावरण तयार गर्ने, व्यापार तथा पारवहन सुविधा विस्तार गर्ने, मानक तथा प्राविधिक नियमावली कार्यान्वयन गर्ने गराउने, स्वच्छता

मापदण्ड कायम गर्ने गराउने, बौद्धिक सम्पत्तिको हक स्थापित गर्ने, सेवामूलक व्यवसाय सम्बन्धी समस्याहरू निराकरणका प्रयास गर्ने विषयमा कार्ययोजनामा ध्यान दिइएको छ ।

"विद्यमान कृषि प्रणालीमा कृषि यान्त्रिकरणको माध्यमबाट आधुनिकीकरण एवम् व्यावसायिकरण गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउने" परिदृष्टि (Vision) राखेर कृषि यान्त्रिकीकरण प्रवर्द्धन नीति २०७१ कार्यान्वयन भइरहेको छ । यस नीतिका चारवटा उद्देश्यहरूमध्ये एउटाले मुलुकको आर्थिक एवम् भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्वमा वृद्धि गरी कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उद्देश्य राखेको छ ।

व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७५ ले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूको एकीकृत तथा समन्वयात्मक प्रयसाद्वारा देशमा बढ्दै गएको व्यापार घाटालाई कम गर्ने कार्यलाई प्रमुख उद्देश्यको रूपमा राखेको छ । यस कार्ययोजनाको एउटा उद्देश्य कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने रहेको छ ।

२.४ कृषि वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको लागि गरिएको संस्थागत व्यवस्था

देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य राखेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लक्ष्य व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४ मा गरिएको व्यवस्था अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सम्पादन गर्ने विभिन्न कार्यहरू मध्ये कृषिसम्वन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण; कृषि तथा खाद्यसम्वन्धी अन्तर्राष्ट्रिय प्रत्यान, प्रमाणीकरण, प्रयोगशाला विकास र व्यवस्थापन; कृषि औद्योगीकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय रहेका छन् ।

मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था जस्ता मुख्य कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय संलग्न रहँदै आएको छ। नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४ मा गरिएको व्यवस्था अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सम्पादन गर्ने विभिन्न कार्यहरू मध्ये निकासी प्रवर्द्धन, पैठारी ब्यवस्थापन र नियमन; अन्तर्राष्ट्रिय ब्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन; राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन; वस्तु, सेवा, प्रक्रिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रिडिटेशन) र प्रत्यायन बोर्ड; राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय ब्यापारिक कारोवारको ब्यवस्थापन र नियमन; आन्तरिक बजार ब्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्बन्धी नीति, कानून र नियमन रहेका छन् ।

नेपाल उद्योग तथा वाणिज्य महासंघ अन्तर्गत कृषि व्यवसाय हेर्ने जिम्मेवारीका साथ कृषि उद्यम केन्द्रले कार्य गरिरहेको छ। यसले राष्ट्रको आर्थिक वृद्धिमा उच्च र फराकिलो रूपले योगदान पुऱ्याउन सक्ने क्षमता भएको निजी क्षेत्रको नेतृत्वमा एउटा सवल, सशक्त र दिगो कृषि व्यवसाय क्षेत्र तयार गर्ने सोच राखेको छ । यस केन्द्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उच्च मूल्यका बाली, वस्तुहरूको उत्पादन र मूल्य अभिवृद्धि गर्न बजार उन्मुख कृषि व्यवसायलाई व्यापक रूपमा विस्तार र सुदृढीकरण गर्ने लक्ष्य राखेको छ ।

कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रीको अध्यक्षतामा राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समिति, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्ष्यतामा राष्ट्रिय कृषि विकास रणनीति समन्वय समिति, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको अध्यक्ष्यतामा केन्द्रिय कृषि विकास रणनीति समन्वय समिति तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कृषि विकास रणनीति कार्यान्वयन एकाईको व्यवस्था गरिएको छ ।

कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा कृषि व्यवसाय सम्वन्धी नीतिगत बाधा कठिनाईहरूको समाधान पहल गर्न र नीतिगत सुधारका लागि सरकारलाई सुझाव दिन सरकारी तथा निजी क्षेत्रको संलग्नातामा उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको व्यवस्था गरिएको छ । माननीय कृषि मन्त्रीले अध्यक्षता गर्ने यस समितिमा माननीय राज्यमन्त्री एवम् सहायक मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, राष्ट्रिय सहकारी बोर्डका सह-अध्यक्ष, उद्योग वाणिज्य महासंघका अध्यक्ष र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मनोनीत कृषि उद्यमी मध्येबाट दुई जना सदस्य एवम् कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि व्यवसाय प्रवर्द्धन तथा महाशाखाका सह-सचिव सदस्य-सचिव रहने व्यवस्था गरिएको छ ।

व्यापार प्रवर्द्धनका लागि आवश्यक नीति तर्जुमा कार्यमा सहयोग पुऱ्याउन, व्यापार सहजीकरण गर्न एवं नीतिको अनुगमन र अन्तर-निकाय समन्वय गर्न निजी क्षेत्र समेतको सहभागितामा केन्द्रीयस्तरमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री / राज्यमन्त्रीको अध्यक्ष्यतामा बोर्ड अफ ट्रेड गठन गरिने व्यवस्था रहेको छ । यसका साथै, निर्यातयोग्य वस्तु तथा सेवा र बजारको विकासका लागि प्रभावकारी भूमिका खेल्न सक्नेगरी मौजुदा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई आवश्यक सांगठनिक संरचना र स्रोतसाधन सहितको व्यापार प्रवर्द्धन प्रतिष्ठान नामको स्वायत्त संस्थामा रूपान्तरण गर्ने तथा सेवा व्यापारको प्रवर्द्धनको लागि प्रतिष्ठान अन्तर्गत छुट्टै सेवा व्यापार सम्बन्धी संयन्त्र स्थापना गरिने प्रावधान राखिएको छ ।

नेपाल व्यापार एकीकृत रणनीति, २०१६ को प्रभावकारी समन्वय र कार्यान्वयन गर्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा राष्ट्रिय निर्देशक समितिको व्यवस्था गरिएको छ । यस समितिमा निजी क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । यस रणनीतिले गठन गरेको ६ वटा विषयगत समितिमध्ये एउटा कृषि उत्पादन विकाससँग सम्वन्धित रहेको छ ।

भाग तीन

कृषिजन्य वस्तुको आयात निर्यातको विश्लेषण

३.१ कृषिवस्तुको आयातको अवस्था (विगत पाँच वर्षको)

विगत पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा मुख्य खाद्यान्न वालीहरूको आयात निरन्तर रूपमा उच्च रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण तल तालिकामा उल्लेख भएको छ। यसै गरी तल उल्लेखित चित्रले प्रत्येक उपजहरूको प्रत्येक वर्षको स्थान चित्रित गरेको छ ।

तालिकाः आ.व २०७३/७४ देखि २०७६/७७ सम्म

उच्च आयात भएका कृषि वस्तुहरूको स्थान (Rank)

क्र.स	एच एस कोर्ड	विवरण	२०७२/७३	७३/७४	७४/७५	७५/७६	७६/७७
१	१००६३०००	चामल	१	१	१	१	१
२	१००५९०००	बीउ बाहेको मकै	२	२	२	२	२
३	०७०१९०००	आलु	३	४	५	५	८
४	१००१९९००	गहूँ	४	७	९	१३	७
५	०७१३४०००	मुसुरो	५	८	१५	११	२१
६	०७०३१०००	प्याज	६	६	७	६	९
७	०१०४२०००	जीउँदो खसीबोका	७	११	८	१२	०
८	१००६१०००	धान	८	५	३	३	३
९	०८०८१०००	स्याउ	९	३	६	७	१४
१०	१००११९००	ड्युरम गहूँ	१०	१२	२०	९	६
११	०८०२९०००	अन्य नट्स	११	२८	३०	२९	२७
१२	१००६४०००	कनिका	१२	१३	१५	१७	१८
१३	०८०८१०००	स्याउ	१३	७	८	१३	२४
१४	०७१३२०००	चना	१४	१८	२२	१८	२८
१५	०८०६१०००	अंगुर	१५	२१	२५	९	३८

चित्रः गत पाँच वर्षमा उच्च आयात भएका कृषि वस्तुहरूको अवस्था

३.२ कृषिवस्तुको निर्यातको अवस्था (विगत पाँच वर्षको)

आ.व. २०७२/७३ देखि २०७६/७७ सम्मको कृषि उपजहरूको आयात निर्यातको अवस्था यहाँ चित्रण गरिएको छ ।

क. आ.व. २०७२/७३ को आयातको अवस्थाः

आ.व. २०७२/७३ मा अधिक मात्रामा आयात भएका कृषि उपजहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकाः २०७२/७३ मा अधिक आयात भएका प्राथमिक कृषि वस्तुहरू

एच एस कोर्ड	विवरण	आयात भएको मुलुक	एकाइ	परिमाण	मूल्य (रु)
१००६३०००	चामल	भारत	केजी	३८६,७६३,४२४	१८,५२२,७६८
१००५९०००	बीउ बाहेको मकै	भारत	केजी	३५०,९९४,१७६	९,५१९,५०८
०७०१९०००	आलु	भारत	केजी	१८७,७२२,७५२	४,०४२,८४२
१००१९९००	गहूँ	भारत	केजी	१२४,६६८,०१६	३,२६८,२४८
०७१३४०००	मुसुरो	क्यानाडा	केजी	३३,२९२,३९६	३,०४७,१५७
०७०३१०००	प्याज	भारत	केजी	९४,४६७,७६०	३,०२८,३८१
०१०४२०००	जीउदो खसीबोका	भारत	वटा	४७९,१३४	२,६४८,५४१
१००६१०००	धान	भारत	केजी	९४,२८७,२६४	२,४७८,२१८
०८०८१०००	स्याउ	चीन	केजी	४३,९१४,४९६	२,३७१,६८१
१००११९००	ड्युरम गहूँ	भारत	केजी	७९,८७४,१५२	२,१५३,७०९
०८०२९०००	अन्य नट्स	इण्डोनेसिया	केजी	९,८९०,३४४	१,१६०,४९८
१००६४०००	कनिका	भारत	केजी	४४,६१४,०००	१,१३०,४५४
०८०८१०००	स्याउ	भारत	केजी	१७,६७५,१०४	१,०६९,८९१
०७१३२०००	चना	अष्ट्रेलिया	केजी	१२,०३५,३०७	९६६,३८३
०८०६१०००	अंगुर	भारत	केजी	१७,००२,३८२	९११,४५१

तालिकाः आ.व. २०७२/७३ मा उच्च परिमाणमा आयात भएका कृषि उपजहरू

SN	HS Code	Description	Partner	Unit	Quantity	Value
७०७	१००६३०००	Semi-milled or wholly milled rice, whether _ or not polished	India	Kg.	३८६,७६३,४२४	१८,५२२,७६८
६९१	१००५९०००	Maize (excl seed) _	India	Kg.	३५०,९९४,१७६	९,५१९,५०८
२७२	०७०१९०००	Other potatoes, fresh or chilled _	India	Kg.	१८७,७२२,७५२	४,०४२,८४२
६७४	१००१९९००	Other wheat _	India	Kg.	१२४,६६८,०१६	३,२६८,२४८
२७७	०७०३१०००	Onions and shallots, fresh or chilled _	India	Kg.	९४,४६७,७६०	३,०२८,३८१
६९६	१००६१०००	Rice in the husk (paddy or rough) _	India	Kg.	९४,२८७,२६४	२,४७८,२१८
६७१	१००११९००	Other durum wheat _	India	Kg.	७९,८७४,१५२	२,१५३,७०९
७१२	१००६४०००	Broken rice _	India	Kg.	४४,६१४,०००	१,१३०,४५४
४८९	०८०८१०००	Apples, fresh _	China	Kg.	४३,९१४,४९६	२,३७१,६८१
३९४	०७१३४०००	Dried Lentils,Whole _	Canada	Kg.	३३,२९२,३९६	३,०४७,१५७
३१२	०७१०१०००	Potatoes, frozen _	India	Kg.	२५,१४९,१८६	५४९,४७२
४७२	०८०५१०००	Oranges, fresh or dried _	India	Kg.	१८,००५,०६८	८१५,१७२
४८७	०८०८१०००	Apples, fresh _	India	Kg.	१७,६७५,१०४	१,०६९,८९१
४७९	०८०६१०००	Fresh grapes _	India	Kg.	१७,००२,३८२	९११,४५१
४५७	०८०३९०००	Banana _	India	Kg.	१६,०३९,९२४	२९०,१२७

केही प्रमुख बालीहरूको विस्तृत विश्लेषण

क. **उपज:**10063000-Semi milled or wholly milled rice, whether or not polished or glazed

धान चामल आयातको प्रमुख स्रोत भारत देखिन्छ । प्रत्येक वर्ष भारतबाट आउने चामल बढ्दो क्रममा देखिन्छ ।आ.व. २०७२/७३मा करिब साढे अठार अरब रूपयाँको चामाल नेपाल आयात भएकोमा सो बृद्धि भई आ.व. २०७५/७६ मा चौविस अर्ब सम्म पुगेकोमा आ व २०७६/७७ मा भने रु करिब साढे अठार अरबमा नै सीमित भएको देखिन्छ । चामल आयातमा भारतको हिस्सा करिब ९९ प्रतिशत रहेको छ भने भारतको अलावा जापान, चीन, अमेरिका र थाइल्याण्डबाट चामल आयात हुने गरेको छ ।

तालिकाः आ.व. २०७२/७३ देखि २०७६/७७ सम्मको आयात रकम (रु.)

क्रस	देश	२०७६/२०७७	२०७५/२०७६	२०७४/२०७५	२०७३/२०७४	२०७२/२०७३
१	भारत	१८,५१०,९४६,२५४	२४,१७४,४१०,२८८	२२,४८१,९९४,८४१	१८,३५९,९५८,९५५	१८,५४५,६१०,६०९
२	जापन	१८८,७३६,३८२	३३८,४७१,५३०	३००,८३७,९५४	०	०
३	अमेरिका	४२,१५८,४४४	७६,६७९,६७६	०	२९,२४४,९५२	८,४०१,२९९
४	चीन	३,०४३,५७३	१,०११,०८४	१८७,३८६	३५५,३२९	२७०,९६०
५	थाइल्याण्ड	१,४६४,३१०	१,०५०,५५४	१,०६३,४१०	२,२५३,७०४	२,२२२,१४३
६	नखुलेको	१५८,२२६	१०४,४६९	६७,२०१	०	०
७	इटाली	२८,४८७	२३,४०८	७८,६४५	१४४,४४९	८५,१११,६८७
८	द. कोरिया	१,३७०	०	०	०	४४,७१२
९	बंगलादेश	०	०	०	३५१,९४६,१३८	१३५,८७६,८४८
१०	मलेसिया	०	०	०	०	२,०८२,३७७
११	सिङ्गापुर	०	०	०	०	९६,९९६
१२	श्रीलङ्का	०	९,०४०	०	०	०
१३	भेतनाम	०	०	०	०	१,५७२,१२५
१४	क्यानाडा	०	७,०७१	०	०	०

चित्रः चामल आयातको प्रबृत्ति

ख. **उपज:**10063010-Semi-milled or wholly milled rice, whether or not polished or glazed

अर्ध प्रशोधित धानको रूपमा आ.व.२०७६/७७ मा रु २० करोडको आयात देखिन्छ । यस शीर्षकमा अन्य मुलुकबाट र अन्य आ.व. मा कुनै आयात देखिदैन ।

S.N.	Products	Imported value in 2076/2077 (NPR)	Imported value in 2075/2076 (NPR)	Imported value in 2074/2075 (NPR)	Imported value in 2073/2074 (NPR)	Imported value in 2072/2073 (NPR)
1	India	203,895,579	0	0	0	0

ग. **उपज:** 10059000-Maize corn

धान चामल पछि उच्च आयात भएको कृषि वस्तुमा मकै पर्दछ । धान चामल जस्तै मकैको आयात पनि भारतबाट नै उच्च मात्रमा भएको देखिन्छ । आ.व. २०७६/७७ मा भारतको अलवा बंगलादेश युक्रेन म्यानमार पाकिस्तान आदिबाट मकैको आयात देखिन्छ । तर भारत बाहेक नियमित आयात हुने मुलुकहरूमा अर्जेन्टिना ब्राजिल र अमेरिका रहेको तथ्यांङ्कले देखाउछ ।

S.N.	Products	Imported value in 2076/2077 (NPR)	Imported value in 2075/2076 (NPR)	Imported value in 2074/2075 (NPR)	Imported value in 2073/2074 (NPR)	Imported value in 2072/2073 (NPR)
1	India	९,९४७,८९३,३५०	१२,१२४,३५५,१८८	११,२७८,९०९,२०५	१०,१४०,६९६,६८३	९,५०५,७१७,०५३
2	Bangladesh	१,९२३,९२२,७३८	४१,५९९,०७४	०	०	०
3	Ukraine	५६२,८३४,३५९	०	०	०	०
4	Myanmar	४६८,५१६,८३१	१९,२७९,११७	०	०	०
5	Pakistan	४२७,३२२,९९३	०	०	०	०
6	Argentina	२२४,६४४,५१०	२९३,५८२,५६६	३१६,०४८,०३५	२३२,७३३,८२६	१९०,७२२,२८३
7	Brazil	३६,८६३,०२६	७५,११९,१६१	२३,६७१,९५१	०	८,३८६,५७५
8	U.S.A.	१४,९५०,५०१	०	४,३३२,७७५	१,३७७,६३२	०
9	Thailand	२,२८४	०	०	०	०
10	China P. R.	०	०	१,६०७	९०,६०८	२,३९३
11	Antigua and Barbuda	०	०	०	५,४९३,८१५	०

घ. **उपज:**10061000-Rice in the husk

चामलको रूपमा मात्र नभइ धान पनि भारतबाट उल्लेख्य आयात भएको तथ्यांक छ । आ.व. २०७२/७३ मा रु २ खर्ब ६५ अर्ब बराबरको धान आयात भएकोमा सो आंकडा नियमित रूपमा बृद्धि भइ आ.व. २०७६/७७ मा रु ८ अर्ब ८२ करोड बराबर पुगेको

देखिन्छ । भारतको अलावा चीनबाट नियमित रूपमा चामल आयात भएको देखिन्छ भने आ.व. २०७३/७४ देखि आ.व. २०७५/७६ सम्म फिलिपिन्सबाट थोरै मूल्यको धान आयात भएको देखिन्छ ।

S.N.	Products	Imported value in 2076/2077 (NPR)	Imported value in 2075/2076 (NPR)	Imported value in 2074/2075 (NPR)	Imported value in 2073/2074 (NPR)	Imported value in 2072/2073 (NPR)
१	India	८,८२८,४३८,६१८	६,८४५,००६,०२४	५,८०१,७६९,८८६	४,२५७,०९३,४६१	२,६५०,२४०,२२९
२	China P. R.	५२,१४०,८५५	१,०२६,२४९	६२,७५७,७५७	३२,८१२,८६३	१६,०८८,२७३
३	Thailand	३२९	०	०	०	२,३९१
४	U.S.A.	१८३	०	०	०	०
५	Bahrain	०	०	०	०	४३६,६९३
६	Korea R	०	०	०	३०,१५१	१२,५९१
